# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-५५

# Overview of Weekly Media Study Vol. 55


**नेपाल संवाद केन्द्र**

काठमाडौं, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com


**PDF पठ्नका लागि QR Scan गर्नुहोस**

**मिति : २०८२ माघ २५ गते, आइतवार**

**साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप - भाग ५५**

नेपाल संवाद केन्द्रद्वारा प्रस्तुत यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदन २०८२ साल माघ १९ गतेदेखि माघ २५ गतेसम्म प्रकाशित प्रमुख राष्ट्रिय दैनिक पत्रपत्रिका, अनलाइन, प्रिन्ट तथा टेलिभिजन माध्यममा प्रसारित समाचार, विचार, विश्लेषण तथा लेखहरूको गहन अध्ययनपछि तयार गरिएको हो । यस प्रतिवेदनमा उक्त अवधिमा प्रकाशित सकारात्मक, पठनीय तथा रचनात्मक सामग्रीहरू समेटिएका छन् ।

यस अवधिमा नेपालका मिडियाले– सकियो एक महिने माधवनारायण व्रत; पशुपतिमा 'विश्वमेध श्रीविद्या कोटिअर्चना महायज्ञ'; महाशिवरात्रिको तयारीस्वरुप पशुपति क्षेत्रमा सफाइ; महाशिवरात्रिका लागि १७१ सदस्यीय मूल समारोह समिति गठन; 'नेपाल सनातन धर्म, सभ्यता र संस्कृतिमा आधारित राष्ट्र हो'; वर्षौंपछि ११ दिने दशैं, दुई दिन अष्टमी; थारू मौलिकताको पहरेदार मनकुमारी; स्थानीय भाषा बोल्न र भेषभूषा लाउन उम्मेदवारहरूबीच जारी प्रतिस्पर्धाको अर्थ र असर; देवघाटधाममा 'शतचण्डी महायज्ञ एवम् माघ-महोत्सव' सुरु; भाषाहरू हाम्रा सम्पत्ति हुन् : प्रधानमन्त्री कार्की; धर्म प्रचार गर्न पूर्वप्रधानमन्त्रीदेखि डलर अर्बपतिसम्मको दुरुपयोग; शान्तिका लागि भिक्षु यात्रा; साइकल संस्कृति : सभ्यताको मेरुदण्ड; कुलुङ जातिका युवा 'तुसः' मा साट्थे पिरती; तस्बिरमा ग्याल्पो ल्होसार; हिन्दु नम्बरको विश्वयात्रा; योग, ध्यान र दृष्यावलोकनका लागि 'स्वर्गाश्रम'; पुस्तान्तरणको संघर्षमा रैथाने सिप; धादिङका ऐतिहासिक-धार्मिक धरोहर; माघे संक्रान्ती : पर्व एक, रुप अनेक; पहिलोपटक गाई प्रदर्शन गरिँदै; पर्यटकीयस्थल घोडेपानी जोड्ने सडक स्तरोन्नति योजना लक्ष्यअघि नै सम्पन्न; पूर्वी नेपालका सन्थाल सोहराय मनाउँदै; बर्दीबासमा ३१ फिट अग्लो महादेवको मूर्ति निर्माण हुने; पोखराको पर्यटनमा नयाँ आयाम थपिरहेको पुम्दिकोट; कोभिडअघिको तुलनामा १४ प्रतिशतले बढे पर्यटक; एक महिनामा ९२ हजार पर्यटक नेपाल भित्रिए; चलचित्र महोत्सवमा विभिन्न देशका प्रतिनिधि; प्रादेशिक ललितकला प्रदर्शनी सुरु; लगायतका विषयवस्तुहरू समेटिएका छन् ।

अन्तरदेशीय, कूटनीतिक, लोकतान्त्रिक तथा सामाजिक समाचारतर्फ– भारत बजेट : नेपाललाई दिने सहायता रकम बढ्यो; भारतको बजेटः पूर्वाधार र उत्पादनमा ठूलो लगानी, नेपाललाई १२ अर्ब ८० करोड अनुदान; अमेरिका-भारत व्यापार सम्झौता, भारतीय वस्तुमा अमेरिकी भन्सार दर घट्ने; भारतले पूँजीगत खर्च बढाउँदा नेपालसँगको व्यापार थप सहज र व्यवस्थित हुने; भारतीय बजेटले नेपाललाई कस्तो असर पार्ला ? ; निर्वाचन तयारी : भारतबाट तेस्रो खेपमा २०० बढी गाडी नेपाल ल्याइँदै; भारतको म्याक्स अस्पतालमा दुई नेपालीमा रहेको जटिल क्यान्सरको सफल उपचार; भारतको बजेटबाट नेपालले पर्यटन र व्यापारलगायतमा लाभ लिनसक्छः अध्यक्ष केसी; बेनी-दिल्ली बस सेवा सञ्चालनले पर्यटन प्रवर्धनमा टेवा; विदेशमा बस्ने नेपालीले देशको अर्थतन्त्र र सामाजिक विकासमा दिएको योगदान महत्वपूर्ण छ : राष्ट्रपति; भारतको दिल्लीबाट मुक्तिनाथ अब ३० घण्टामै; भ्यालेन्टाइन डेका लागि ७० प्रतिशत गुलाब भारतबाट आयात; भारत र अमेरिकाबीचको अन्तरिम व्यापार सम्झौतामा अमित शाहले यसो भने; भारतविरुद्ध अमेरिकाको खराब सुरुआत; कप्तान सूर्यकुमारको अर्धशतकमा भारतको विजयी सुरूवात; ओटीएम मुम्बई २०२६ : भारतको मञ्चबाट विश्वभरका पर्यटकलाई नेपाल घुम्न निम्तो; मेचीपारी जमिनमुनि गुड्नेछ भारतको 'बुलेट ट्रेन' तथा लोकतन्त्रको धरोहरमाथि उठेको प्रश्न; निर्वाचन घोषणापत्रको मर्म; गठबन्धनबेगरको चुनावी प्रतिस्पर्धा : लोकतन्त्रको सुन्दर अभ्यास; उदाउँदै चैतन्यको चेतना; लोकतन्त्र र निर्वाचनका लागि सम्यक मताधिकारको अवसर; समानुपातिक निर्वाचन : ३ हजार १३५ उम्मेदवार, ८० वर्षमाथिका १२ जना; लोकतन्त्रको सुदृढीकरणका लागि निर्वाचन प्रणाली पारदर्शी, निष्पक्ष र विश्वसनीय हुनुपर्छः आयुक्त तुलाधर; निर्वाचनमा अर्जुनदृष्टि; लोकतन्त्र र महिला अधिकारको पक्षमा विश्वमञ्चमा पैरवी गरिरहेकी शिरिन एबादी; निर्वाचनको माहोल देशव्यापी; विधि नबन्दा व्यवधान; संघीयताको सञ्चार अभ्यास; नेपालमै लटरम्म काजु फलाउने 'नमुना' विद्यालय; आश्वासनबाटै थिचिएको छ सहिदभूमि; दौरा सुरुवालमा दौडेका जोशी, गिनिज बुक अफ वर्ल्डमा नाम दर्ता लगायतका विषयवस्तुहरू पनि समेटिएका छन् ।

यस साप्ताहिक मिडिया अध्ययन प्रतिवेदनमा समेटिएका विषयवस्तुहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक, सान्दर्भिक तथा रणनीतिक मुद्दाहरूको स्पष्ट, तथ्यपरक र व्यवस्थित विश्लेषण प्रस्तुत गरेका छन् । यो प्रतिवेदन अनुसन्धानकर्ता, नीतिनिर्माता, पाठक तथा सञ्चारकर्मीहरूका लागि उपयोगी सन्दर्भ सामग्री बन्ने विश्वास लिएका छौं ।

**Date: 2082 Magh 25, Sunday**

**Weekly Media Study Summary– Part 55**

This Weekly Media Monitoring Report, presented by Nepal Samwad Kendra, has been prepared after an in-depth study of news reports, opinions, analyses and articles published and broadcast between Magh 19 and Magh 25 in major national daily newspapers, online portals, print and television media. The report incorporates positive, readable and constructive content published during this period.

During this period, Nepal's media covered topics such as; "*The conclusion of the one-month-long Madhav Narayan fast; 'Vishwamedh Shrividya Koti Archana Mahayagya' at Pashupatinath, Cleanliness drives in the Pashupati area as part of preparations for Maha Shivaratri, Formation of a 171-member main organizing committee for Maha Shivaratri, "Nepal is a nation based on Sanatan Dharma, civilization, and culture", After many years, an 11-day Dashain with two days of Ashtami, Mankumari as a guardian of Tharu originality, The meaning and impact of growing competition among candidates to speak local languages and wear traditional attire, Commencement of 'Shatachandi Mahayagya and Magh Festival' at Devghat Dham, "Languages are our assets" says Prime Minister Karki, Former prime ministers to dollar billionaires misused in the name of religious propagation, Monks' journey for peace, Cycling culture as the backbone of civilization, Kulung youths exchanging love through 'Tus', Gyalpo Lhosar, The global journey of Hindu numbers, 'Swargashram' for yoga, meditation and sightseeing, Indigenous skills struggling through generational transition, Historical and religious heritage of Dhading; Maghe Sankranti one festival, many forms, Cow exhibition held for the first time, Upgrading of the road connecting the tourist destination Ghodepani completed ahead of target, Santhal community in eastern Nepal celebrating Sohorai, Construction of a 31-foot-tall Mahadev statue in Bardibas, Pumdikot adding a new dimension to Pokhara tourism, A 14 percent increase in tourists compared to the pre-COVID period, 92,000 tourists entering Nepal in a single month, Participation of representatives from various countries in a film festival, Commencement of a provincial fine arts exhibition"* along with many other related topics.

In terms of international, diplomatic, democratic and social news, *"India's budget: increase in assistance to Nepal, India's budget: major investment in infrastructure and production with NPR 12.80 billion in grants for Nepal, US–India trade agreement lowering American customs duties on Indian goods, Increased capital expenditure by India making trade with Nepal more convenient and systematic, How will India's budget affect Nepal?, Election preparations: more than 200 vehicles arriving in Nepal from India in the third consignment, Successful treatment of complex cancer in two Nepali patients at Max Hospital in India, Nepal can benefit in tourism and trade from India's budget - Chairman KC, Benighat–Delhi bus service supporting tourism promotion, 'Contribution of Nepalis living abroad to the country's economy and social development is significant' says the President, Travel from Delhi, India to Muktinath now possible within 30 hours, 70 percent of roses imported from India for Valentine's Day, That's what Amit Shah said regarding the interim trade agreement between India and the United States - a poor start by the United States against India, India's winning start powered by Captain Suryakumar's half-century, OTM Mumbai 2026: invitation from India's platform for tourists worldwide to visit Nepal, India's 'bullet train' to run underground near Mechi and questions raised over democratic heritage, The essence of election manifestos, Election competition without alliances as a beautiful democratic practice, The rising consciousness of Chaitanya, Opportunity for informed voting for democracy and elections, Proportional elections: 3,135 candidates including 12 above the age of 80, Commissioner Tuladhar - for strengthening democracy, the election system must be transparent, fair and credible. Focused vision in elections, Shirin Ebadi advocating for democracy and women's rights on the global stage, Nationwide election atmosphere, Obstacles due to lack of legal frameworks, Communication practices of federalism, A 'model' school growing abundant cashew nuts within Nepal, Shahidbhumi suppressed by mere assurances, Joshi running in Daura-Suruwal and registering his name in the Guinness Book of World Records,"* along with several other related issues were covered.

The issues covered in this Weekly Media Monitoring Report presents a clear, factual and systematic analysis of national and international contemporary, relevant and strategic matters. We believe this report will serve as a useful reference material for researchers, policymakers, readers and media professionals.

## २०८२ माघ १९ गतेदेखि माघ २५ गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

### सकियो एक महिने माधवनारायण व्रत

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणालीले मात्रै मुलुकमा स्थिर, बलियो र जबाफदेही शासन व्यवस्था स्थापित गर्न सक्ने दाबी गरेका छन् । विधिपूर्वक श्रीस्वस्थानी माताको पूजा गरेमा मनोकांक्षा पूरा हुने धार्मिक विश्वास छ । बाँकी...
स्रोत : **https://www.onlinekhabar.com/2026/02/1860807/one-**

### पशुपतिमा 'विश्वमेध श्रीविद्या कोटिअर्चना महायज्ञ'

पशुपति क्षेत्रलाई वैदिक परम्परा र तपस्याको अन्तर्राष्ट्रिय केन्द्रका रूपमा स्थापित गर्न ऐतिहासिक 'विश्वमेध श्रीविद्या कोटिअर्चना महायज्ञ' शुक्रबारदेखि सुरु भएको छ। तन्त्रको साधनास्थली र आध्यात्मिक ऊर्जा केन्द्रको रूपमा नेपाललाई विश्वमा चिनाएर धार्मिक पर्यटन प्रवर्द्धन गराउन वनकालीस्थित श्रीपशुपतिनाथ मन्दिर परिसरको नेपाल वेद विद्याश्रममा आजदेखि आगामी फागुन ४ गतेसम्म महायज्ञ जारी रहने छ। बाँकी...
स्रोत : **https://himalpress.com/2026/02/vishwamedha-srividya-kotiarchana-**

### महाशिवरात्रिको तयारीस्वरुप पशुपति क्षेत्रमा सफाइ

विश्व सम्पदा सूचीमा सूचीकृत विश्वभर फैलिएका वैदिक सनातन हिन्दू धर्मावलम्बीका आराध्यदेव पशुपतिनाथ विराजमान पवित्र पशुपति क्षेत्रमा महाशिवरात्रिको तयारीस्वरुप सफाइ गरिएको छ। वाग्मती सफाइ महाअभियानको ६६५औँ हप्तामा महाशिवरात्रिको तयारीस्वरुप पशुपति क्षेत्रको सूर्यघाट, आर्यघाट, राममन्दिर क्षेत्रमा सफाइ गरिएको हो। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/191183**

### महाशिवरात्रिका लागि १७१ सदस्यीय मूल समारोह समिति गठन

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री एवं पशुपति क्षेत्र विकास कोष सञ्चालक परिषद्का अध्यक्ष अनिलकुमार सिन्हाको अध्यक्षतामा महाशिवरात्रि २०८२ को तयारीका लागि १७१ सदस्यीय मूल समारोह समिति गठन गरिएको छ । यस वर्षको महाशिवरात्रि पर्वको तयारीका लागि गठन गरिएको समिति काठमाडौँ महानगरपालिका, वडा नं ८ कार्यालयलगायत सरोकार भएका निकायका प्रतिनिधिलाई पनि सदस्य राखिएको छ। बाँकी... स्रोत : **https://www.ratopati.com/story/542572/171-member-main-**

### 'नेपाल सनातन धर्म, सभ्यता र संस्कृतिमा आधारित राष्ट्र हो'

नेकपा ( एमाले ) का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले संस्कारयुक्त सोच र व्यवहार नै देश निर्माणको आधार भएको बताउनुभएको छ । सबैलाई सुमार्ग, सुबिचार र सुकर्मबाट अघि बढ्न आग्रह गर्दै अध्यक्ष ओलीले यस्तो बताउनु भएको हो । शनिवार झापाको कमल गाउँपालिकामा भएको धार्मिक कार्यक्रममा कसैको धर्म र आस्थामाथि आघात गर्नु हुन्न भन्ने मान्यता राख्दै नेकपा - एमाले ) र आफू अघि बढ्ने जनाउनुभयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/191177**

## वर्षौंपछि ११ दिने दशैं, दुई दिन अष्टमी

**आगामी वर्षको विशेषता**

- जेठमा मलमास, साउनमा वृहस्पति अस्त, असोजमा शुक्र अस्त,
- आगामी वर्ष चन्द्र र सूर्यग्रहण छैन
- असोज २५ देखि कात्तिक ४ सम्म दशैं , कात्तिक १ र २ गते अष्टमी
- तिहार २१ देखि २५ सम्म

आउँदो वर्ष २०८३ सालको बडादशैं असोज २५ बाट शुरु हुनेछ । आगामीवर्षको दशैमा वर्षमा दुईदिन अष्टमी परेको छ । आगामीवर्ष असोज १ र २ गते अष्टमी परेको छ । पञ्चाङगपात्रोमा उल्लेख भए अनुसार करिब १९ वर्षपछि दशैको अष्टमी दुईदिन परेको हो । अनुसार २५ गते घटस्थापना परेको छ । भने कातिक ४ गते विजया दशमी परेको छ । समितिले तयार गरेको पात्रोमा आगामीवर्ष दशै ११ दिनसम्म परेको छ । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/02/08/752612/**

## थारू मौलिकताको पहरेदार मनकुमारी

बदलिँदो समयसँगै लोपोन्मुख बन्दै गएको थारू समुदायको मौलिक वेशभूषा, कला र परम्परागत न्याय प्रणाली जोगाउन एक महिला अगुवाको भूमिका उदाहरणीय बन्दै गएको छ। लोपोन्मुख मौलिक भेषभूषाको संरक्षण र प्रवद्धनका लागि आफै घाँटीभरि परम्परागत गहना र मौलिक वेशभूषामा सजिएर प्रायः सार्वजनिक कार्यक्रममा पुग्नुहुन्छ, तुलसीपुर उपमहानगरपालिका १० गैह्रागाउँकी मनकुमारी चौधरी । मनकुमारीको परिचय यतिमा मात्र सीमित छैन ।

बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/191225**

## स्थानीय भाषा बोल्न र भेषभूषा लाउन उम्मेदवारहरूबीच जारी प्रतिस्पर्धाको अर्थ र असर

काठमाण्डू महानगरपालिकाको मेअरमा लोकप्रिय मत पाएर निर्वाचित भएका मधेशी मूलका बालेन्द्र शाह 'बालेन' ले आफ्नो शपथग्रहण कार्यक्रम मा धेरैलाई आश्चर्यमा पारे। नेवार समुदायको उल्लेख्य जनसङ्ख्या रहेको सहरमा निर्वाचित नगरप्रमुखले नेपाली भाषामा शपथ लिएर त्यसको बेहोरा नेवारी भाषामा पनि पढे। त्यसअघि चुनावी अभियानमा टिसर्ट र कोटपाइन्टमा नेपालको झण्डा ओढेर काठमाण्डू डुलेका शाह अधिकांश समय टिसर्ट, जिन्स र कोटमा देखिन्थे । बाँकी...

स्रोत : **https://www.bbc.com/nepali/articles/cy05z6zn47po**

## देवघाटधाममा 'शतचण्डी महायज्ञ एवम् माघ-महोत्सव' सुरु

पवित्र तीर्थस्थल देवघाटधाममा सोमबार देखि १० दिने 'शतचण्डी महायज्ञ एवम् देवघाट माघ-महोत्सव' भक्तिमय वातावरणमा सुरु भएको छ। दुर्गा पञ्चायन मन्दिरको जीर्णोद्धार र आश्रम निर्माण गर्ने उद्देश्यका साथ आयोजित यस महोत्सवको समुद्घाटन देवघाटका विभिन्न प्रसिद्ध आश्रमका पीठाधीश तथा सन्त महन्तहरूले संयुक्त रूपमा गरेका हुन्। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/190569**

## भाषाहरू हाम्रा सम्पत्ति हुन् : प्रधानमन्त्री कार्की

प्रधानमन्त्री सुशीला कार्कीले नेपालमा बोलिने विभिन्न भाषाहरु सम्पत्ति भएकाले मर्न दिन नहुने बताएकी हुन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भाषा आयोगले तयार पारेका दुईवटा फरकफरक विषयका अध्ययन प्रतिवेदन ग्रहण गर्दै उनले यस्तो बताएकी हुन् । अध्यक्ष डा गोपाल ठाकुरको नेतृत्वमा आएको आयोगको प्रतिनिधिण्डलले मातृभाषा शिक्षासम्बन्धी प्रतिवेदन र अन्तर्राष्ट्रिय आदिवासी भाषा दशक (२०२२-२०३२) नेपालको राष्ट्रिय कार्ययोजना कार्यान्वयनसम्बन्धी प्रतिवेदन प्रधानमन्त्री कार्कीसमक्ष पेस गरेको थियो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1861785/languages-are-our-a**

## धर्म प्रचार गर्न पूर्वप्रधानमन्त्रीदेखि डलर अर्बपतिसम्मको दुरुपयोग

विद्यार्थी भिसामा नेपाल आएर भिसा प्रयोजन बेगरका गतिविधिदेखि चर्च विस्तारसम्मको योजना बनाएका अमेरिकी नागरिक पक्राउ परेका छन् । अध्यागमन विभागले सोमबार उनको विषयमा सामान्य जानकारी सार्वजनिक गर्दै पूर्वप्रधानमन्त्री तथा विभिन्न पार्टीका प्रभावशाली नेतासँगको सम्बन्ध, तस्बिर र नाम दुरुपयोग भएको जनाएको हो । बाँकी... स्रोत : **https://rajdhanidaily.com/id/130641/**

## लंकूको लक्ष्मी बैंकटेश मन्दिर पुगेर रविले गरे स्वस्ति शान्ति

उम्मेदवारी दर्तापछि बिहीबार पहिलो पटक सार्वजनिक रूपमा देखा परेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले चितवन भरतपुर महानगरपालिका-४ लंकूको मन्दिरमा स्वस्ति शान्ति पूजा गरेका छन् । उनी चितवन-२ का प्रतिनिधिसभा सदस्य उम्मेदवार हुन् । काठमाडौंबाट भरतपुर विमानस्थल ओर्लिएका लामिछाने सिधै लंकूको हरिकिर्तन चोकमा रहेको लक्ष्मी बैंकटेश मन्दिर पुगेर पूजा गरेका हुन् । बाँकी... स्रोत : **https://ekantipur.com/news/2026/02/05/ravi-performed-swasti-sh**

## संस्कृति र राजनीतिको अन्तरसम्बन्ध

संस्कृति र राजनीति समाजका दुई आधारभूत स्तम्भ हुन् । संस्कृतिबिना समाजको पहिचान अधुरो हुन्छ भने राजनीतिबिना समाजको व्यवस्थापन सम्भव हुँदैन । यी दुवैबीच गहिरो सम्बन्ध रहेको हुन्छ । संस्कृति समाजको सोच, व्यवहार, मूल्य-मान्यता र जीवनशैलीको प्रतिविम्ब हो, भने राजनीति ती मूल्य-मान्यतालाई सत्ता, नीति र शासन प्रणालीमार्फत कार्यान्वयन गर्ने माध्यम हो । बाँकी...

स्रोत : **https://satyapati.com/2026/02/192515/**

## शान्तिका लागि भिक्षु यात्रा

नेपाल यस्तो देश हो, जहाँ गौतम बुद्ध जन्मिएका थिए । नेपाललाई विश्व शान्तिको उद्गमस्थल भनेर चिनिन्छ । यति बेला विश्व शान्तिको सन्देश प्रवाह गर्दै अमेरिकाको टेक्ससबाट सुरु गरिएको पैदल यात्रामा 'वाक फर पिस' लेखिएको ब्यानर बोकेर बौद्ध धर्मावलम्बीहरूको एक समूह निस्किएका छन् । यो यात्रा तीन हजार सात सय किलोमिटर लामो छ, जुन टेक्ससबाट सुरु गरेर अन्त्यमा वासिङ्टन डिसी पुग्ने योजना छ । बाँकी... स्रोत : **https://nagariknews.nagariknetwork.com/opinion/monks-**

## साइकल संस्कृति : सभ्यताको मेरुदण्ड

कुनै समय नेपालमा एउटा साइकल किन्न चार तोलासम्म सुन खर्चिनु पर्थ्यो। वि.सं. १९६७ मा तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशमशेर जबराका नाति शूरशमशेरले पहिलोपटक नेपालमा साइकल भित्र्याएका थिए। यो साधन केवल यातायातमात्र नभई प्रतिष्ठा र आधुनिकताको उच्च प्रतीक थियो। जसमा राणा खलक, राजपरिवार र भारदारहरूको मात्र पहुँच सीमित थियो। बेलायती कम्पनीका ती साइकलहरू भीमफेदीबाट भरियाले काँधमा बोकेर काठमाडौं ल्याउँथे। बाँकी...

स्रोत : **https://www.annapurnapost.com/story/493692/**

## कुलुङ जातिका युवा 'तुसः' मा साट्थे पिरती

भनिन्छ, कृषि युगपछि नै मानव समाज स्थायी रूपमा एकै ठाउँ बस्न सुरु गरेका हुन्। कृषिकर्ममा मानव युग प्रवेश गरेपछि श्रमले प्राथमिकता पाउन थाल्यो । उत्पादनका लागि काम गरेपछि स्वाभाविक रूपमै थकाइ लाग्ने भयो । त्यसरी थकाइ लागेपछि मानिसलाई थकान मेट्न र मनोरञ्जन गर्न मन पनि लाग्ने नै भयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/191120**

## तस्बीरमा ग्याल्पो ल्होसार

प्रत्येक वर्ष फागुन शुक्ल प्रतिपदाका दिन बौद्ध धर्मावलम्बी शेर्पा समुदायले सांस्कृतिक पर्व ग्याल्पो ल्होसार अर्थात् नयाँ वर्ष मनाउने गर्दछ । नयाँ वर्षका रूपमा आज २१५० औं ग्याल्पो ल्होसार मनाउदैछन् । ग्याल्पो ल्होसारलाई मुसा, गाई, बाघ, खरायो, ड्रागन (मेघ), सर्प, घोडा, भेडा, बाँदर, चरा, कुकुर र बराह गरी १२ वर्गमा विभाजन गरिएको छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/55110**

## हिन्दु नम्बरको विश्वयात्रा

मानव सभ्यताको इतिहासमा पाङ्गा वा छापाखानाको आविष्कारजत्तिकै महत्त्वपूर्ण अर्को मोड शून्य र दशमलवको विकास हो। यो केवल गणितको विकास मात्र थिएन, यो त मानव मस्तिष्कले अमूर्त सोचलाई मूर्तरूप दिने एउटा ठुलो फड्को थियो । यो यात्रा भारतवर्षको वैदिक ऋचादेखि युरोपको पुनर्जागरण कालसम्म फैलिएको हो। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/191133**

## योग, ध्यान र दृष्यावलोकनका लागि 'स्वर्गाश्रम'

पृष्ठभूमिमा लहरै हिमाल । वरपर घना जङगल । शान्त र एकान्त वातावरण । पहाडको मध्यभागमा अवस्थित थुम्को । तलतिर देखिने नागबेली परेर बगेको म्याग्दी नदी र ग्रामीण बस्ती चराचुरुङ्गी र वन्यजन्तुका आवाज । म्याग्दीको बेनी नगरपालिका-३ भकिम्लीमा रहेको 'स्वर्गाश्रम' प्राकृतिक रुपमा रमणीय, धार्मिक हिसाबले ऐतिहासिक र पर्यटकीय सम्भावना बोकेको ठाउँ हो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/184738**

## पुस्तान्तरणको संघर्षमा रैथाने सिप

काठमाडौं उपत्यका संस्कृति, परम्परा र सम्पदाले मात्रै सम्पन्न छैन, हजारौँ वर्षदेखि यहाँका रैथानेले विकास गरेका मौलिक सिप र कलाले पनि सम्पन्न छ। तर, ती सिपहरू आधुनिकताको बढ्दो प्रवेशसँगै संकटमा पर्दै गएको विज्ञले भनिरहेका छन्। ती सिपसँगै नेपालको अमूल्य संस्कृति धरापमा पर्दै जाने उनीहरूले चिन्ता व्यक्त गरेका छन्। आधुनिकताको अनुकरणसँगै ती रैथाने सिपहरू ओझेल पर्दै गएका छन्। बाँकी... स्रोत : **https://nayapatrikadaily.com/news-details/188025/2026-02-07**

## धादिङका ऐतिहासिक-धार्मिक धरोहर

धादिङ भन्नेबित्तिकै तपाईंको मनमा के आउँछ ? पृथ्वी राजमार्ग हुँदै पूर्वपश्चिम जाने सबैभन्दा सुगम जिल्ला वा राजमार्गको यात्राका क्रममा दिसापिसाब गर्ने र महँगो पैसा तिरेर खाजा वा खाना खाने ठाउँ ? तपाईंहरूको मनमा धादिङबारे यी र यस्तै कुरा आउँछन् होला, होइन ? तर, धादिङ तपाईंले देखेको, टेकेको वा सोचेकोभन्दा बिलकुलै फरक र विशेष छ । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/Dharma-Saskriti/historical-religious-**

## दलाई लामालाई ग्रामी अवार्ड दिएकोमा चीन क्रुद्ध

तिब्बती आध्यात्मिक गुरु दलाई लामाले संगीत क्षेत्रको प्रतिष्ठित 'ग्रामी अवार्ड' जितेपछि चीनले कडा आपत्ति जनाएको छ । दलाई लामालाई सम्मान दिइनु 'चीनविरोधी राजनीतिक गतिविधि' भएको भन्दै बेइजिङले यसको चर्को विरोध गरेको हो । ९० वर्षीय दलाई लामाको अडियो पुस्तक 'मेडिटेसन्सः द रिफ्लेक्सन्स अफ हिज होलनेस द दलाई लामा' ले यस वर्षको 'अडियोबुक' विधामा ग्रामी अवार्ड हात पारेको छ । बाँकी... स्रोत : **https://www.ratopati.com/story/541623/china-angered-by-**

## माघे संक्रान्ती : पर्व एक, रुप अनेक

परम्परागत मूल्यहरू औपचारिक कर्मकाण्डमा सीमित हुँदै गएका छन् भने यसको सामाजिक चेतना र सामूहिकताको भाव कमजोर बन्दै गएको अनुभूति हुन्छ। माघे संक्रान्तीलाई केवल अतीतको स्मृति बनाएर होइन, वर्तमान र भविष्यसँग जोडेर पुनःअर्थ्याउन आवश्यक छ। नेपालको सांस्कृतिक क्यालेन्डरमा माघे संक्रान्ती केवल एउटा पर्व मात्र होइन, यो ऋतु परिवर्तन, जीवनशैली रूपान्तरण र सामाजिक सम्बन्ध पुनःसंयोजनको प्रतीकका रुपमा पनि रहेको छ।बाँकी...

स्रोत : **https://dhorpatannews.com/2026/01/155328/**

## पहिलोपटक गाई प्रदर्शन गरिँदै

नेपालमा पहिलोपटक प्रतियोगितात्मक गाई प्रदर्शनी हुने भएको छ । काठमाडौँमा आज पत्रकार सम्मेलनमार्फत चितवनको भरतपुरमा 'पहिलो अन्तरराष्ट्रिय डेरी एक्स्पो २०८२' अन्तर्गत प्रतियोगितात्मक गाई प्रदर्शनी गर्न लागिएको आयोजक चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घका अध्यक्ष किशोर बगालेले जानकारी दिए । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/02/1861776/cows-being-exhibited-for-the-first-time**

## पर्यटन बोर्डमा फोटो प्रदर्शनी सुरु

नेपाल पर्यटन बोर्डमा ह्यासट्याग फोटो नेपालको चौथो संस्करणको फोटो प्रदर्शनी सुरु भएको छ । नेपाल पर्यटन बोर्ड र फोटो पत्रकार क्लब नेपालको संयुक्त आयोजनामा प्रदर्शनी सुरु भएको हो । फोटोपत्रकार क्लबले ०६९ र ०७१ सालमा आयोजना गरेको नेपाल फोटो कन्टेस्टको पर्यटन विधामा छानिएका तस्वीरहरु समेत प्रदर्शनीमा राखिएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2016/05/424001/**

## पर्यटकीयस्थल घोडेपानी जोड्ने सडक स्तरोन्नति योजना लक्ष्यअघि नै सम्पन्न

अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरदेखि पर्यटकीयस्थल घोडेपानी जोड्ने सडक स्तरोन्नतिका लागि सञ्चालित योजना लक्ष्यभन्दा दुई महिनाअघि नै सम्पन्न भएको छ। अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षमा रु ५० लाख बजेट विनियोजन गरेको पोखरेबगर-घार-चित्रे सडक योजनामार्फत प्रतिस्पर्धामा छनोट भएको निर्माण कम्पनीले काम थालेको दुई महिनामै सम्पन्न गरेको हो । बाँकी...

स्रोत : **https://khabarhub.com/2026/06/924322/**

## पूर्वी नेपालका सन्थाल सोहराय मनाउँदै

सतार (सन्थाल) आदिवासी समुदायले मनाउने सोहराय पर्व यस वर्ष पनि परम्परागत उल्लासका साथ मनाउन सुरु भएको छ । कृषि, प्रकृति र पशुपालनसँग गहिरो रूपमा जोडिएको यो पर्व धानबाली भित्र्याएपछि सिमान्तकृत तथा लोपन्मुख अवस्थामा मुख्न लागेको सन्थाल जातीको प्रमुख सांस्कृतिक उत्सव हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/190116**

## बर्दीबासमा ३१ फिट अग्लो महादेवको मूर्ति निर्माण हुने

बर्दीबासको नाम, पहिचान तथा धार्मिक महत्त्व बोकेको वडा १४ स्थित कामेश्वरनाथ तलाउमा आराध्यदेव भगवान् शिवको ३१ फिट अग्लो मूर्ति निर्माण गरिने भएको छ। नगरपालिकाको आन्तरिक स्रोतबाट करिब ४२ लाख रुपियाँ लागतमा निर्माण हुने मूर्तिको बर्दीबास नगरपालिका प्रमुख प्रह्लाद क्षेत्री तथा वडा १४ का वडाध्यक्ष विजय महतोले वैदिक विधिअनुसार आज ( सोमबार ) बिहान शिलान्यास गर्नुभयो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/190477**

## पोखराको पर्यटनमा नयाँ आयाम थपिरहेको पुम्दिकोट

पोखरा उपत्यकाको पुम्दिकोटमा महादेवको विशाल मूर्ति बनेसँगै यो ठाउँ पर्यटकीय स्थल बनेको छ । पोखरा पुग्ने आन्तरिक तथा बाह्य पर्यटकका लागि यो नयाँ गन्तव्यको रूपमा लोकप्रिय भइरहेको छ । पुम्दिकोटमा भगवान शिवको ५१ फिट अग्लो मूर्ति बनाइएको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/541434/pumdikot-is-adding-a-new-dimension-to-**

## कोभिडअघिको तुलनामा १४ प्रतिशतले बढे पर्यटक

नेपाल आउने पर्यटकको संख्या कोरोनाअघिको तुलनामा १४ प्रतिशतले बढेको छ । कोरोना भाइरस (कोभिड-१९) शुरू भएको वर्ष सन् २०१९ को जनवरीमा ८१ हजार २७३ पर्यटक नेपाल आएका थिए । यस वर्षको जनवरीमा ९२ हजार ५७३ पर्यटक नेपाल भ्रमणमा आएका हुन् । गतवर्षको सोही अवधिको तुलनामा पनि पर्यटक आगमन १५ दशमलव ७ प्रतिशतले बढेको छ । बाँकी...

स्रोत : **https://abhiyandaily.com/news/455974/tourists-increased-by-14-**

## एक महिनामा ९२ हजार पर्यटक नेपाल भित्रिए

सन् २०२६ को पहिलो महिना जनवरीमा ९२ हजार ५७३ पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डले दिएको जानकारी अनुसार गत वर्षको जनवरीको तुलनामा १५.७ प्रतिशत बढी पर्यटक नेपाल भित्रिएका हुन् । जनवरीमा नेपाल आउने पर्यटकमध्ये सबैभन्दा बढी भारतीय रहेका छन् । जनवरीमा भारतबाट २६ हजार ६२४ पर्यटक नेपाल आएका थिए । बाँकी...

स्रोत : **https://khabarhub.com/2026/01/922117/**

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1861029/92000-tourists-ente**

## चलचित्र महोत्सवमा विभिन्न देशका प्रतिनिधि

नेपाल संस्कृति तथा चलचित्र केन्द्रको आयोजनामा 'सातौँ नेपाल सांस्कृतिक अन्तर्राष्ट्रिय चलचित्र महोत्सव सुरु भएको छ । महोत्सवमा फ्रान्स, भारत, बङ्गलादेश, लिथुआनिया, जर्मनी, अमेरिका, अस्ट्रेलिया र इजरायललगायत विभिन्न देशबाट आएका आठ अन्तर्राष्ट्रिय प्रतिनिधिको उपस्थिति रहेको थियो । समारोहमा सांस्कृतिक नृत्य तथा कला प्रस्तुतिका साथै छनोट चलचित्रको विशेष स्क्रिनिङ गरिएको थियो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/190285**

## पापिनी मेलामा 'पापिनी विवाह'

रुकुमपश्चिमको मुसीकोट नगरपालिका-७, साँखको माथिगाउँबाट गएका जन्तीले तलीगाउँबाट केटी लिएर फर्किए। दुलही माग्न गएका उनीहरूले केटी केटी बीच बाजागाजासहित धुमधाम विवाह गरे। भोजभतेर गरे, मेला भरे। विवाहमा सयौँ मानिस सहभागी बने। यो नाटकीय विवाह हो। साँखगाउँमा परापूर्वकालदेखि नै यो रीति चल्दै आएको छ। केटी केटीकै बीचमा हुने यो विवाहलाई 'पापिनी विवाह' को नाम दिइएको छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/190554**

## अमेरिकी कलाकार रिक कमिङ्सको स्मृतिमा काठमाडौंमा कला प्रदर्शनी हुने

अमेरिकी चित्रकार रिक कमिङ्स (१९४९-२०२५)को जीवन र कला यात्रालाई समेटिएको विशेष कला प्रदर्शनी काठमाडौंमा हुने भएको छ । 'रिसोर्सेस इन क्याओस' शीर्षकमा आगामी शनिबारदेखि बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा कला प्रदर्शनी हुन लागेको हो । आयोजकका अनुसार विश्व क्यान्सर दिवस (फेब्रुअरी ४) को सन्दर्भ पारेर उक्त कला प्रदर्शनी गरिन लागेको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1861465/art-exhibition-to-be-held-in**

## ५ चैतदेखि भृकुटीमण्डपमा 'फ्लोरा एक्स्पो' हुने

नेपाली पुष्प व्यवसायको विकास र प्रवर्द्धन गर्ने उद्देश्यले आगामी ५ चैतदेखि काठमाडौंमा '२७औं फ्लोरा एक्स्पो २०८२' आयोजना हुने भएको छ। फ्लोरिकल्चर एसोसिएसन नेपाल (फ्यान) को आयोजनामा हुन लागेको यो मेला भृकुटीमण्डपमा चार दिनसम्म चल्ने छ। यस वर्षको एक्स्पो 'स्वच्छ वातावरण तथा आर्थिक समृद्धिका लागि पुष्प व्यवसाय' भन्ने मूल नारासाथ सञ्चालन हुन लागेको फ्यानले जनाएको छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/02/1862231/flora-expo-to-be-held-at-**

## किन साढे ३३ अर्बमा बिक्यो यो एउटा चित्र ?

हालै गुस्ताभ क्लिम्टको 'पोर्ट्रेट अफ एलिजाबेथ लेडेरर' नामक कलाकृति २३ करोड ६४ लाख डलर ( करिब साढे ३३ अर्ब रुपैयाँ) मा बिक्री भयो। सार्वजनिक रूपमा दशकौंसम्म गोप्य राखिएको यो चित्र लिलामीमार्फत कीर्तिमानी मूल्यमा बिकेको हो । तर, यो किन त्यति धेरै मूल्यमा बिक्री भयो ? धेरैको जिज्ञासा छ । किन यो यति धेरै मूल्यमा बिक्री भयो भनेर चर्चा गर्नुअघि कलाकार गुस्ताभ क्लिम्टबारे बुझ्नु जरुरी छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2025/11/1811961/why-was-this-painting-sold-for-33-5-billion**

## प्रादेशिक ललितकला प्रदर्शनी सुरु

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानको आयोजना र नेपाल व्यावसायिक कलाकार सङ्घ, रुपन्देही तथा कालिका मानवज्ञान माध्यमिक विद्यालयको सहआयोजनामा 'लुम्बिनी प्रादेशिक ललितकला प्रदर्शनी-२०८२' सुरु भएको छ । प्रदर्शनीको प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली र बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले संयुक्त रूपमा उद्घाटन गर्नुभयो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/190681**

## Nepal welcomes 92,573 tourists in January

Nepal's tourism sector kicked off 2026 on a positive note, recording 92,573 International Visitor Arrivals ( IVAs ) in January. according to the Nepal Tourism Board, the figure represents a 15 per cent increase compared to January 2025, signaling renewed global interest in the country as a travel destination. बाँकी...

स्रोत : **https://risingnepaldaily.com/news/75033**

## भारत बजेट : नेपाललाई दिने सहायता रकम बढ्यो

भारतको 'छिमेक पहिलो' नीति अन्तर्गत नेपाललाई उपलब्ध गराइने अनुदान रकम ८०० करोड भारतीय रुपैयाँ पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा १०० करोड रुपैयाँले बढी हो । भारतले आगामी आर्थिक वर्षका लागि सार्वजनिक गरेको केन्द्रीय बजेटमा नेपाललाई दिइने विकास सहायता बढाएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1860918/indias-**

## भारतको बजेटः पूर्वाधार र उत्पादनमा ठूलो लगानी, नेपाललाई १२ अर्ब ८० करोड अनुदान

भारत सरकारले अस्थिर वित्तीय बजार र व्यापार अनिश्चितताका बाबजुद देशको आर्थिक वृद्धिलाई कायम राख्न केन्द्रित गर्दै आइतबार संसदमा आफ्नो वार्षिक बजेट पेस गरेको छ । प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले प्रस्तुत गरेको यो बजेटमा छिमेकी राष्ट्र नेपालका लागि अनुदान सहायतामा समेत निरन्तरता दिएको बताउनुभयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/190403**

## अमेरिका-भारत व्यापार सम्झौता, भारतीय वस्तुमा अमेरिकी भन्सार दर घट्ने

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतसँग नयाँ व्यापार सम्झौता भएको घोषणा गरेका छन् । यस सम्झौताअनुसार अमेरिकाले भारतबाट आयात हुने वस्तुमा लगाउँदै आएको भन्सार दर २५ प्रतिशतबाट घटाएर १८ प्रतिशतमा झार्नेछ । ट्रम्पले सामाजिक सञ्जाल ट्रुथ सोसलमार्फत यो जानकारी दिएका हुन् । उनका अनुसार भारतले आफ्ना व्यापारिक अवरोधहरू शून्यमा झार्न सहमति जनाएको छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/02/1861907/us-india-trade-**

## भारतले पूँजीगत खर्च बढाउँदा नेपालसँगको व्यापार थप सहज र व्यवस्थित हुने

भारतले आगामी आर्थिक वर्ष २०२६/२७ को बजेट मार्फत पूँजीगत खर्च बढाएको छ । भारतले पूँजीगत खर्च बढाउँदा नेपालसँगको व्यापार थप व्यवस्थित र सहज हुने वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट शेषमणि दाहालले बताए । भारतको आगामी आर्थिक वर्षको बजेट र त्यसले नेपालमा पार्न सक्ने प्रभावबारे सोमबार नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले आयोजना गरेको छलफलमा दाहालले भारत सरकारको बजेटमा भएका व्यवस्थाका कारण नेपालले कृषि, पर्यटन, क्लाउड सेवा लगायत क्षेत्रबाट लाभ लिन सक्ने बताए । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/02/1861835/trade-with-nepal-will-become-easier-and-more-m**

## भारतीय बजेटले नेपाललाई कस्तो असर पार्ला ?

कृषि, उद्यमसहित पूर्वाधारकेन्द्रित भारतीय बजेट नीतिले छिमेकी मुलुक नेपालमा प्रत्यक्ष र अप्रत्यक्ष दुवै प्रभाव पार्ने विज्ञहरूले औंल्याएका छन् । मुख्यत: भारत सरकारले लिएको नीतिअनुसार आफ्ना नीति परिमार्जन नगरेमा आईटी सेवामा नेपालले लिन सक्ने लाभ खुम्चन सक्ने उनीहरूको भनाइ छ । त्यस्तै, नेपालको कृषि उद्योग र कृषि उपजमा भारतीय बजेटको प्रभाव देखिन सक्ने उनीहरूको भनाइ छ । बाँकी... स्रोत : **https://abhiyandaily.com/news/456005/how-will-the-indian-budget-affect-**

## निर्वाचन तयारी : भारतबाट तेस्रो खेपमा २०० बढी गाडी नेपाल ल्याइँदै

निर्वाचनलाई लक्षित गरी भारतबाट थप २२३ थान गाडीहरु नेपाल ल्याउन लागिएको छ । भारत सरकारले उपहार स्वरुप दिन लागेको गाडीको तेस्रो खेप नेपाल ल्याउन लागिएको हो । भारतीय दूतावास स्रोतका अनुसार तेस्रो खेपमा १५० थान डबल क्याब पिकअप महिन्द्रा स्कोरपियो र ७३ थान डबल क्याब पिकअप महिन्द्रा बोलेरो गाडीहरु नेपाल ल्याइँदै छ । यसअघि पहिलो खेपमा ६१ वटा गाडी ल्याइएको थियो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/02/1862635/election-preparations-**

## भारतको म्याक्स अस्पतालमा दुई नेपालीमा रहेको जटिल क्यान्सरको सफल उपचार

भारतको नयाँ दिल्लीस्थित म्याक्स अस्पतालले जटिल क्यान्सर रोग भएका दुई नेपाली बिरामीको सफल उपचार गरेको छ । अस्पतालका चिकित्सकहरूले काठमाडौंमा पत्रकार सम्मेलन गरी यसबारे जानकारी दिएका हुन् । पहिलो केसमा ७३ वर्षीया नेपाली महिलामा मलद्वारको क्यान्सर पुष्टि भएको थियो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/02/1861791/two-nepalis-successfu**

## भारतको बजेटबाट नेपालले पर्यटन र व्यापारलगायतमा लाभ लिनसक्छ: अध्यक्ष केसी

नेपाल-भारत चेम्बर अफ कमर्स एन्ड इन्डिस्ट्री (निक्की)का अध्यक्ष सुनिल केसीले भारत सरकारले आर्थिक वर्ष २०२६-२७ का लागि ल्याएको बजेटमा भएका व्यवस्थाका कारण नेपालले विभिन्न क्षेत्रमा लाभ लिन सक्ने धारणा राखेका छन् । नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले आज यहाँ आयोजना गरेको अन्तरक्रियामा अध्यक्ष केसीले भारत सरकारले बजेटले कुल ग्रार्हस्थ्य उत्पादनमा सात प्रतिशत वृद्धिको लक्ष्य लिएकाले नेपालका निर्यात उद्योग थप स्थिर र विस्तार हुने बताएका हुन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1861588/nepal-can-benefit-from-indias-**

## बेनी-दिल्ली बस सेवा सञ्चालनले पर्यटन प्रवर्धनमा टेवा

म्याग्दीको सदरमुकाम बेनीबाट भारतको राजधानी नयाँ दिल्लीसम्म पहिलोपटक सिधा बस सेवा सञ्चालनमा आएको छ। बुधबारदेखि सुरु भएको यस सेवाले म्याग्दी र मुस्ताङका धार्मिक तथा पर्यटकीय स्थलसम्म आउने भारतीय पर्यटकलाई सहज बनाउने अपेक्षा गरिएको छ भने भारत जाने कामदार, विद्यार्थी र उपचारका लागि जाने नागरिकलाई पनि प्रत्यक्ष लाभ पुग्ने विश्वास गरिएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/190727**

## विदेशमा बस्ने नेपालीले देशको अर्थतन्त्र र सामाजिक विकासमा दिएको योगदान महत्वपूर्ण छ : राष्ट्रपति

राष्ट्रपति रामचन्द्र पौडेलले जापानमा बस्ने नेपालीहरूले नेपाली अर्थतन्त्रलगायत नेपालको सामाजिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको धारणा व्यक्त गरेका छन् । जापानको औपचारिक भ्रमणमा रहेका राष्ट्रपति पौडेलले नेपाली राजदूतावासद्वारा मंगलबार यहाँ आयोजित स्वागत समारोहलाई सम्बोधन गर्दै उक्त धारणा राखेका हुन् । बाँकी... स्रोत : **https://ekantipur.com/news/2026/02/03/the-contribution-made-**

## भारतको दिल्लीबाट मुक्तिनाथ अब ३० घण्टामै

विश्वकै अग्लो स्थानमा रहेको भगवान विष्णुको मन्दिर मुक्तिनाथ धामको दर्शन गर्नका लागि भारतको नयाँदिल्लीबाट अब ३० घण्टामै पुगिने भएको छ। म्याग्दीको सदरमुकाम बेनीबाट सिधै बस सेवामार्फत भारतको नयाँ दिल्ली सेवा सुरु भए पछि मुक्तिनाथका लागि सहज भएको हो । बुधबारदेखि मोडर्न इरा टुर्स एन्ड ट्राभल्स र सृष्टि यातायात प्रालिले हरेक दिन बिहान ६:४५ बजेदेखि बेनी कालिपुलबाट बस मार्फत सेवा दिने छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/190725**

## भ्यालेन्टाइन डेका लागि ७० प्रतिशत गुलाब भारतबाट आयात

यस वर्षको भ्यालेन्टाइन डे (प्रणय दिवस) को लागि ७० प्रतिशत गुलाब भारतबाट आयात हुने भएको छ । प्रणय दिवस सप्ताहभर ४ लाख ५० हजार स्टिक गुलाब हुने फ्लोरिकल्चर एसोसिएसन नेपालको अनुमान छ । उपत्यकामा २ लाख ७० हजार स्टिक र उपत्यका बाहिरका जिल्लामा १ लाख ८० हजार स्टिक गुलाब खपत हुने एसोसिएसनको अनुमान छ। बाँकी...

स्रोत : **https://ekantipur.com/business/2026/02/05/70-percent-of-rose**

## भारत र अमेरिका बीचको अन्तरिम व्यापार सम्झौतामा अमित शाहले यसो भने

केन्द्रीय गृहमन्त्री अमित शाहले भारत र अमेरिका बीचको अन्तरिम व्यापार सम्झौताप्रति प्रतिक्रिया दिएका छन् । अमित शाहले सामाजिक सञ्जाल पोस्टमा लेखेका छन् कि यसले भारतको द्रुत गतिमा बढिरहेको अर्थतन्त्रलाई अर्को प्रोत्साहन दिएको छ। उनका अनुसार , "प्रधानमन्त्री नरेन्द्र मोदीको विकसित भारतको दृष्टिकोणलाई वास्तविकतामा रूपान्तरण गर्दै, यो सम्झौताले मेक इन इन्डिया, मेहनती किसानहरू, उद्यमीहरू, एमएसएमईहरू, स्टार्टअप नवप्रवर्तकहरू र माझीहरूको लागि प्रगतिको बाटो खोल्छ ।" बाँकी... स्रोत : **https://barnanmedia.com/news/detail/260885/**

## भारतविरुद्ध अमेरिकाको खराब सुरुआत

अमेरिकाले आईसीसी ट्वान्टी-२० क्रिकेट विश्वकपमा घरेलु टोली भारतविरुद्ध ब्याटिङ पावर प्लेमा खराब सुरुआत गरेको छ । शनिबार भारतको मुम्बईस्थित वान्खेडे क्रिकेट रंगशालामा घरेलु टोलीले प्रस्तुत गरेको १६२ रनको लक्ष्य पछ्याएको अमेरिकाले सुआती ६ ओभरमा तीन विकेट गुमाएर ३१ रन बनाएको छ। हाल क्रिजमा रहेका मिलिन्द कुमारले १६ अंक बनाएका छन्। सञ्जय कृष्णमूर्थी चार रनमा खेलिरहेका छन् । बाँकी... स्रोत : **https://baahrakhari.com/detail/477141**

## कप्तान सूर्यकुमारको अर्धशतकमा भारतको विजयी सुरूवात

आइसिसी टी-२० विश्वकप २०२६ को पहिलो दिनको अन्तिम खेलमा साविक विजेता भारतले वियी सुरुवात गरेको छ । भारतको मुम्बईस्थित वानखेडे रंगशालामा भारतले अमेरिकामाथि २९ रनको जित निकालेको हो। यो खेलअघि यहि रंगशालामा उद्घाटन समारोह भएको थियो। समारोहमा बादशाहसहितका कलाकारले आफ्नो प्रस्तुती दिएका थिए । बाँकी...

स्रोत : **https://www.setopati.com/sports/cricket/381620**

## ओटीएम मुम्बई २०२६ : भारतको मञ्चबाट विश्वभरका पर्यटकलाई नेपाल घुम्न निम्तो

नेपाल पर्यटन बोर्डले भारतको मुम्बईमा आयोजित एशियाकै प्रतिष्ठित अन्तर्राष्ट्रिय पर्यटन व्यापार मेला आउटबाउन्ड ट्राभल मार्ट OTM मुम्बई २०२६ मा सहभागिता जनाउँदै नेपालका विविध पर्यटन उत्पादनहरू प्रवर्द्धन गरेको छ। फेब्रुअरी ५ देखि ७, २०२६ सम्म जियो वर्ल्ड कन्भेन्सन सेन्टरमा सम्पन्न यस मेलामा भारत नेपालको प्रमुख स्रोत बजार भएको स्पष्ट पार्दै सुदृढ बजारीकरणमा केन्द्रित भएको देखिन्छ । बाँकी... स्रोत : **https://www.nepalnews.com/2026/02/07/otm-mumbai-2026-indias-platform-**

## मेचीपारी जमिनमुनि गुड्नेछ भारतको 'बुलेट ट्रेन'

भारत सरकारले संघीय बजेट २०२६/२७ मार्फत देशभर सातवटा उच्च-गतिको रेल (बुलेट ट्रेन) करिडोर विकास गर्ने योजना ल्याएको छ। भारतले हाल मुम्बईदेखि अहमदावाद जोड्ने ५०८ किलोमिटर लामो बुलेट रेल-वे बनाइरहेको छ । संघीय बजेट २०२६/२७ मार्फत् थप ७ बुलेट ट्रेन करिडोर निर्माणको महात्वाकांक्षी योजना अघि सारिएको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1863910/indias-**

## Indian budget boosts infrastructure spending

Prime Minister Narendra Modi's government presented its annual budget to Parliament on Sunday, focusing on sustaining the country's economic growth despite volatile financial markets and trade uncertainty. बाँकी...
स्रोत : **https://risingnepaldaily.com/news/75024**

## Italy ski resorts grapple with crowds, climate pressure

The buses from Naples arrive in a steady stream, unloading thousands of people in brightly-coloured ski outfits into the small town nestled in the mountains of central Italy. every weekend during winter, Roccaraso's streets are filled with day-trippers, its small slopes packed with Neapolitans seeking some snow fun and a little fresh air. बाँकी... स्रोत : **https://risingnepaldaily.com/news/75032**

## Capturing the past and future in the same frame

Can tradition and technology exist in the same breath, or are they forever locked in opposition? this question lingers as you move through the exhibition ‘Changing Times’ at The Kalā Salon, where mythology, spirituality, memory and artificial intelligence unfold across canvases in different visual languages. बाँकी...
स्रोत : **https://kathmandupost.com/arts/2026/02/02/capturing-the-p**

## Election police training begins in Salyan

Training for the election police recruited for the House of Representatives election scheduled for March 5 has begun at five locations in the district. the sessions are being held at Luhaping in the district headquarters, Area Police Office Tharmare, Area Police Office Luham, Area Police Office Ragechaur, and Armed Police Force Luhaping. बाँकी... स्रोत : **https://kathmandupost.com/karnali-province/2026/02/04/election-police-**

## Rafting business on Marsyangdi comes to standstill

Floating on a fast-flowing river is a unique kind of thrill. For the more adventurous, riding a boat adds an extra degree of excitement. बाँकी...
स्रोत.**https://risingnepaldaily.com/news/75130#:~:text=Three%20large%20hydroelectric%20**

## लोकतन्त्रको धरोहरमाथि उठेको प्रश्न

अगामी फागुन २१ गते हुने निर्वाचन अब केवल मत हाल्ने औपचारिक प्रक्रियामा सीमित रहने संकेत देखिँदैन । यो निर्वाचन राजनीतिक दलहरूका लागि जित-हारको प्रतिस्पर्धामात्र होइन, लोकतान्त्रिक संस्कार, सामाजिक सहिष्णुता र राज्यप्रणालीमाथिको विश्वासको पनि कडा परीक्षा बन्दै गएको छ । निर्वाचन कति सुरक्षित, निष्पक्ष र विश्वसनीय हुन्छ भन्ने प्रश्न आज आमनागरिकको मनभित्र गहिरिँदै गएको छ, यो चिन्ता निराधार छैन । बाँकी... स्रोत : **https://ehimalayatimes.com/2026/02/417715/**

## निर्वाचन घोषणापत्रको मर्म

फागुन २१ गते प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि मतदान हुँदै छ । निर्वाचन आयोगमा हाल दर्ता कायम रहेका राजनीतिक दल १३६ रहेका छन्, जसमध्ये १०७ निर्वाचन चिह्नमा ११४ दलले निर्वाचन प्रयोजनका लागि दल दर्ता गराएको देखिन्छ । समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचनमा भाग लिन भनी ९३ निर्वाचन चिह्नमा सय वटा दलले निवेदन पेस गरेका थिए । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/190427**

## गठबन्धनबेगरको चुनावी प्रतिस्पर्धा : लोकतन्त्रको सुन्दर अभ्यास

गत भदौमा भएको जेन-जी आन्दोलनको नतिजास्वरूप आउँदो २१ फागुनमा हुन लागेको प्रतिनिधिसभा निर्वाचन धेरै हिसाबले यसभन्दा पहिलेका निर्वाचनभन्दा भिन्न छ। किनभने, यो निर्वाचनमा जेन-जी आन्दोलनको रापताप सीधै प्रवेश गर्नेछ। आफूलाई त्यो आन्दोलनका 'स्टेकहोल्डर' दाबी गर्नेहरू प्रत्यक्ष चुनावी मैदानमा छन्। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/187709/2026-02-03**

## उदाउँदै चैतन्यको चेतना

बाल्यकालको 'आदित्य' प्रकाशदेखि 'चैतन्य' को अनन्त गहिराइसम्म...! : उहाँ केवल एक नाम हुनुहुन्न, उहाँ त ज्ञान, ध्यान एवं सनातनको त्रिवेणी र साधनाको शिखर हुनुहुन्छ । जहाँ शब्दहरू मन्त्र बन्छन्, जहाँ कर्महरू साधना बन्छन् र जहाँ जीवन स्वयं एक महाप्रयोग बन्छ– त्यहीँ योगी चैतन्य आदित्यनाथको अस्तित्व झल्किन्छ । बाँकी... स्रोत : **https://annapurnapost.com/story/493489/**

## लोकतन्त्र र निर्वाचनका लागि सम्यक मताधिकारको अवसर

मनोनयन मिति सकिएसँगै देशभर चुनावी सरगर्मी तीव्र बनेको छ। आगामी प्रतिनिधिसभाको प्रत्यक्षतर्फका १६५ सिटका लागि स्वतन्त्र तथा विभिन्न राजनीतिक दलबाट गरी कुल तीन हजार ४८४ जना उम्मेदवारले उम्मेदवारी दर्ता गराएका छन् । बाँकी... स्रोत : **https://ehimalayatimes.com/2026/02/418613/**

## रौनक घट्यो, आम्दानी सुक्यो

मर्स्याङ्दी नदीमा जलयात्रीको घुइँचो लाग्थ्यो। माघदेखि जेठ र मध्य असोजदेखि मङ्सिरसम्म समूहगत ( र्‍याफ्टिङ) र एक्लै (कायाकिङ) का लागि दौडिएका डुङ्गाले मर्स्याङ्दी नदी ढाकिन्थ्यो। कुनै बेला मर्स्याङ्दी साहसी विदेशी जलयात्रीको पहिलो रोजाइमा पर्थ्यो किन भने त्यसबेला यो नदी र्‍याफ्टिङका लागि नेपालकै उच्च श्रेणीको मानिन्थ्यो। र्‍याफ्टिङ फस्टाउन थालेपछि नदी किनारमा सयौँ होटेल निर्माण भए। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/190599**

## समानुपातिक निर्वाचन : ३ हजार १३५ उम्मेदवार, ८० वर्षमाथिका १२ जना

निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा समानुपातिकतर्फ तीन हजार एक सय ३५ जनाको सूची सार्वजनिक गरेको छ । दलहरूले आयोगमा बुझाएका सूची अनुसार ८० वर्षभन्दा माथिका मात्रै १२ जना छन् । जसमा चार जना मधेशी, तीन जना खस आर्य र पाँच जना आदिवासी जनजाति छन् । आयोगका अनुसार समानुपातिकमा सबैभन्दा बढी खस आर्यका छन् । बाँकी...
स्रोत : **https://www.lokaantar.com/story/311168/2026/2/6/main-news/election-**

## मतदाता शिक्षाका लागि देशभर स्वयंसेवक खटाइने

निर्वाचन आयोगले मतदाता शिक्षाका लागि देशभरका वडामा स्वयंसेवक खटाउने भएको छ । जिल्ला निर्वाचन कार्यालयमार्फत देशभभरका ६ हजार ७४३ वटै वडामा स्वयंसेवक खटाउन लागिएको आयोगले जनाएको हो । बाल विकास सहजकर्ता, मातृ शिशु कार्यकर्ता, महिला स्वास्थ्य स्वयंसेविका वा सामुदायिक सेवा केन्द्रका परिचालकमध्ये अनुभवीहरूलाई मतदाता शिक्षाका लागि स्वयंसेवक नियुक्ति प्रक्रिया सुरु भएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए । बाँकी...
स्रोत : **https://www.lokaantar.com/story/311171/2026/2/6/politics/election-commission-**

## लोकतन्त्रको सुदृढीकरणका लागि निर्वाचन प्रणाली पारदर्शी, निष्पक्ष र विश्वसनीय हुनुपर्छ: आयुक्त तुलाधर

निर्वाचन आयुक्त डा. जानकीकुमारी तुलाधरले लोकतन्त्रको सुदृढीकरणका लागि निर्वाचन प्रणाली पारदर्शी, निष्पक्ष र विश्वसनीय हुनुपर्नेमा जोड दिएकी छिन् । आगामी प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि छनोट भएका निर्वाचन पर्यवेक्षकहरूका लागि आयोजित अभिमुखीकरण कार्यक्रमलाई शुक्रवार सम्बोधन गर्दै उनले यस्तो बताएकी हुन् । आयुक्त डा. तुलाधरले निर्वाचन आयोगसँग सहकार्य गर्दै निर्वाचन प्रक्रियाको पर्यवेक्षण र अवलोकन गर्ने जिम्मेवारी पाएका राष्ट्रिय संस्थाहरूको भुमिका सह्रानीय रहेको उल्लेख गरिन् । बाँकी... स्रोत : **https://www.ratopati.com/story/542259/to-strengthen-democ**

## निर्वाचनमा अर्जुनदृष्टि

नवयुवा (जेनजी) पुस्ताले गरेको दुईदिने आन्दोलनमा भएको हत्या र विध्वंस अकल्पनीय थियो । मुलुक चरम अराजक र अस्तव्यस्त थियो । आन्दोलनले तत्कालीन सरकार ढलेको अवस्थामा सर्वत्र चिन्ता र चासो थियो- अब मुलुक कसरी समालिएला र सहज अवस्थामा फर्किएला । सरकारको नेतृत्व लिन कोही तयार थिएनन् । यस्तो असहज अवस्थामा राष्ट्रपति रामचन्द्र पौडेलले संविधानभित्रैबाट नयाँ जुक्ति निकाल्नुभयो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/190977**

## लोकतन्त्र र महिला अधिकारको पक्षमा विश्वमञ्चमा पैरवी गरिरहेकी शिरिन एबादी

इरानी क्रान्तिताका समाजशास्त्री अली सारियाती भन्थे, 'धर्मले मानिसलाई ब्युँझाउनुपर्छ, सुताउने होइन।' ११ फेब्रुअरी १९७९ मा पह्लवी वंशको राजतन्त्र अपदस्थ भएसँगै यो क्रान्ति सकिएको थियो। क्रान्तिमा विद्यार्थी, मजदुर, वामपन्थी, व्यवसायी, महिलालगायत समाजका सबै तप्का सहभागी भए। तर धार्मिक समूहहरूको संकुचित नेतृत्वका कारण यसले समाज रूपान्तरण गर्न सकेन। बाँकी...
स्रोत : **https://ekantipur.com/feature/2026/02/08/shirin-ebadi-a-global-advocate-for- -**

## निर्वाचनको माहोल देशव्यापी

फागुन २१ मा हुने प्रतिनिधि सभा निर्वाचनको माहोल उल्लासका साथ देशव्यापी रूपमा अघि बढेको छ। निर्वाचनलाई बाध्यकारी बनाउनभन्दा पनि जनताको सुन्दर भविष्यका लागि मनाइने उत्सवमा परिणत गर्न सरकार, सबै सुरक्षा निकाय, निर्वाचन आयोग र निर्वाचन कार्यालयलगायत सबै निकाय सक्रियताका साथ लागिपरेका छन्। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/191191**

## निर्वाचनमा ४ वटै सुरक्षा निकायको 'मार्सल टिम'

आसन्न निर्वाचनको सुरक्षा व्यवस्थापनका लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागले प्रदेश, जिल्ला र निर्वाचन क्षेत्रअनुसार छुट्टाछुट्टै 'मार्सल टोली' परिचालन गरेका छन्। निर्वाचन सुरक्षा कार्ययोजनाअनुसार काम भए/नभएको अनुगमन तथा सुरक्षालाई प्रतिकूल प्रभाव पार्ने गतिविधि निगरानी र नियन्त्रणका लागि भूमिका निर्वाह गर्न केन्द्रबाट 'मार्सल टिम' परिचालन गरिएका हुन्। बाँकी... स्रोत : **https://ekantipur.com/news/2026/02/08/martial-team-**

## घोषणापत्रमा समेट्नुपर्ने विषय

यतिबेला राजनीतिक दलहरू फागुन २१ को निर्वाचनका लागि घोषणापत्र लेखनमा व्यस्त छन् । लोकतान्त्रिक शासन प्रणालीमा निर्वाचन सत्ता प्राप्तिको प्रक्रिया मात्र नभई नागरिकले देशको नीति, प्राथमिकता र भविष्यको दिशा तय गर्ने महत्वपूर्ण अवसर हो । यस प्रक्रियाको केन्द्रमा रहने दस्तावेज निर्वाचन घोषणापत्र हो । यसैमार्फत् राजनीतिक दलहरूले आफ्नो दृष्टिकोण, कार्यक्रम र प्रतिबद्धता जनतासमक्ष प्रस्तुत गर्छन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/191216**

## विवाहपछि किन एक्लिँदै जान्छ पुरुष

नेपाली समाजमा विवाह केवल दुई व्यक्तिको निजी निर्णय होइन, सामाजिक संस्कार हो। यो संस्कारसँगै जीवनमा नयाँ जिम्मेवारी, नयाँ सम्बन्ध र नयाँ अपेक्षाहरू जोडिन्छन् । तर यही परिवर्तनको घेराभित्र एउटा पात्र बिस्तारै ओझेल पर्छ–छोरा। ऊ हराउँदैन, ऊ भाग्दैन, ऊ टाढा जान खोज्दैन; तर पनि उसलाई हराएको जस्तो देखाइन्छ। कारण एउटै हो, ऊ अब एक जनाको मात्रै होइन, धेरै जनाको बीचमा बाँडिएको हुन्छ । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/02/01/751634/**

## मुक्तिक्षेत्रमा स्की च्याम्पियनसिप

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ रानीपौवामा आजदेखि स्की च्याम्पियनसिप सुरु भएको छ । नेपाल स्की संघ एसोसिएसनको आयोजना र स्की संघ मुस्ताङको संयोजनमा भएको उक्त प्रतियोगितामा देशभरको पाँच जिल्लाबाट करिब २८ जना खेलाडीले भाग लिएका छन् । हिउँमा खेलिने स्की खेलको विकास तथा प्रवर्धन गर्दै पर्यटन विकासमा योगदान पुर्‍याउने उद्देश्यले स्की संघले सन् २०१६ देखि स्की प्रतियोगिता सञ्चालन गर्दै आएको छ । बाँकी...

स्रोत : **https://ekantipur.com/photo_feature/2026/02/07/ski-championship-in-**

## घमाइलो मनाङ

हिमाली जिल्ला मनाङको माथिल्लो भेगमा बुधबार साँझसम्म हिउँ पर्‍यो। पश्चिमी न्यून चापीय प्रणालीले देशका धेरै ठाउँमा वर्षा र माथिल्लो क्षेत्रमा हिमपात गरायो। मंगलबार साँझदेखि सक्रिय यो प्रणाली बुधबार साँझबाट बाहिरिएसँगै हिमपात भएको क्षेत्र माथिल्लो मनाङ घमाइलो बनेको छ। अन्नपूर्ण पदयात्रामा निस्किएका पर्यटक अहिले गन्तव्यमा पुग्न थालेका छन्। स्थानीय घरको छानामा जमेको हिउँ फाल्दै, घाम ताप्दैछन्। बाँकी... स्रोत : **https://ekantipur.com/photo_feature/2026/01/29/sunny-manang-**

## विधि नबन्दा व्यवधान

संसदीय लोकतान्त्रिक प्रणाली विधिको शासनमा आधारित हुन्छ। निरङ्कुश व्यवस्थामा विधिभन्दा व्यक्तिको प्रधानता हुन्छ। विधि अर्थात् कानुनको शासनमा नागरिक शक्ति सर्वोच्च हुन्छ। नागरिकको मतले विधायिका निर्वाचित हुन्छ। नागरिकले आफ्नो इच्छा आवधिक निर्वाचनमा प्रतिनिधि निर्वाचित गरी व्यक्त गर्छन्। नागरिकले निर्वाचित गरेको विधायिकाले नै समयमा विधि बनाउन सकेन भने के हुन्छ ? नागरिकले दुःख पाउँछन्। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/191219**

## राष्ट्रियता सुदृढ पार्ने संकल्प

राष्ट्रियता बलियो नभएका मुलुकमा बेला बेलामा समस्या आइरहन्छन्। प्रतिरोध गर्ने शक्ति नभएको शरीरमै रोग लाग्ने हो। जुनसुकै मुलुक नै किन नहोस् ठुलो हुँदैमा राष्ट्रियता बलियो हुँदैन। राष्ट्रियता सुदृढ छ भने साना राष्ट्र पनि बलिया हुन्छन्। मानिस जतिसुकै ठुलो र सानो भए पनि ज्वरो नाप्ने यन्त्र एउटै हुन्छ। कुनै पनि राष्ट्रको मापन गर्नुअघि त्यस राष्ट्रको इतिहास र संस्कृति मात्रै हेरिँदैन, जनतामा राष्ट्रप्रतिको निष्ठाभाव पनि हेरिन्छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/191214**

## अस्तित्व रक्षामा र्‍याफ्टिङ

विश्वमा र्‍याफ्टिङको अवस्थाबारे कुरा गर्दा अमेरिका, न्युजिल्यान्ड, क्यानडा, कोस्टारिका, अस्ट्रेलिया, चिली, नर्वेलगायतले यस क्षेत्रमा ठुलो प्रगति गरेका छन्। हाम्रै छिमेकी देश भारतले पनि यसको राम्रो प्रगति गरेको छ। '२०२२ कमर्सियल रिभर युज रिपोर्ट' अनुसार अमेरिकामा ४८ वटा प्रमुख नदीमा १४/१५ लाखभन्दा बढी पर्यटक बर्सेनि र्‍याफ्टिङको रमाइलो गर्न जाँदा रहेछन्। बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/191100?fbclid=IwY2xjawP0-**

## पानी रङका रोज्जा कला प्रदर्शन

पानी रङको सहरका रूपमा परिचित पोखरामा स्थापित कलाकारहरूले सिर्जना गरेका पानी रङका उत्कृष्ट कला प्रदर्शनीमा राखिएको छ। आइडब्लुएस हेमकान्ती आर्ट ग्यालरीको आयोजनामा भएको प्रदर्शनी शनिबार र आइतबार चल्ने छ। 'मास्टर्स अफ दी मोमेन्ट २' नाम दिइएको प्रदर्शनी अग्रज कलाकार दुर्गा बराल 'वात्स्यायन', साहित्यकार सरुभक्तलगायतले अवलोकन गर्नुभएको छ। बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/191209**

## गण्डकीमा १४ हजार निर्वाचन प्रहरी परिचालन

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि गण्डकी प्रदेशका ११ जिल्लामा १४ हजार १२ जना निर्वाचन प्रहरी परिचालन हुने भएका छन् । गण्डकी प्रदेश प्रहरी कार्यालयका अनुसार कास्कीमा दुई हजार आठ, तनहुँमा एक हजार पाँच सय ७३, गोरखामा दुई हजार दुई सय चार, मनाङमा दुई सय ३३, मुस्ताङमा दुई सय ६६, लमजुङमा एक हजार दुई सय १०, स्याङ्जामा एक हजार नौ सय ४७, नवलपुरमा एक हजार पाँच सय ४३, म्याग्दीमा सात सय ६५, बागलुङमा एक हजार दुई सय ९८८ र पर्वतमा नौ सय ६५ जना निर्वाचन प्रहरी परिचालन हुने छन् । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/191016**

## संघीयताको सञ्चार अभ्यास

नेपालको संविधान, २०७२ जारी भई मुलुक विधिवत् रूपमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा प्रवेश गरेसँगै हाम्रो शासन व्यवस्थामा एक युगान्तकारी परिवर्तनको थालनी भयो। त्यही संवैधानिक मर्म र परिवर्तनको जगमा उभिएर गण्डकी प्रदेश सरकार स्थापना भएको आज आठ वर्ष पूरा भई नवौं वर्षमा प्रवेश गरेको छ। प्रदेश सरकारको आठौं स्थापना दिवस मनाइरहँदा हामी केवल वार्षिकोत्सव मनाइरहेका छैनौं- संघीयताको कार्यान्वयन, सुशासनको प्रत्याभूति र नागरिकलाई घरदैलोमै सेवा दिने महाअभियानको महत्त्वपूर्ण र निर्णायक मोडमा पनि उभिएका छौं।

**https://ekantipur.com/opinion/2026/02/05/communication-practice-of-**

## निर्वाचन आचारसंहिताको अनुमगनलाई प्रभावकारी बनाउने काउन्सिलको निर्णय

प्रेस काउन्सिल नेपालले सातवटै प्रदेशका प्रमुख सहरमा निर्वाचन आचारसंहिता र मिडिया विषयक कार्यक्रम गर्ने भएको छ । यस्तै निर्वाचन आचारसंहिताको अनुगमनलाई थप प्रभावकारी बनाउने भएको छ । बाँकी... स्रोत : **https://www.ratopati.com/story/542203/councils-decision-to-make-t**

## २०२६ को आर्थिक विश्व र नेपाल

सन् २०२६ को विश्वव्यापी परिदृश्य सम्भावित ‘ट्रम्प २.०’ को कार्यकाल र त्यसको ‘अमेरिका पहिलो’ नीतिबाट अत्यधिक प्रभावित हुने देखिन्छ । यो नीतिको मूल उद्देश्य अमेरिकाको औद्योगिक आधारलाई बलियो बनाउनु र राष्ट्रिय हितलाई सर्वोपरि राख्नु हो, जसले अन्तर्राष्ट्रिय व्यवस्था र बहुपक्षीय संस्थाहरूमाथि नकारात्मक प्रभाव पार्नेछ । संयुक्त राष्ट्रसंघ र ‘ब्रेटन उड्स’ जस्ता संस्थाप्रति स्पष्ट नकारात्मकता देखाइनेछ, जसले नेपालजस्ता साना राष्ट्रहरूका लागि चुनौती थप्नेछ । अमेरिकाले विदेशी प्रविधिमाथिको निर्भरता घटाउन उच्च शुल्क लगाउनेछ । बाँकी...

स्रोत : **https://www.karobardaily.com/news/337300**

## ‘निपाह’ भाइरसको जोखिम

भारतको पश्चिम बङ्गालस्थित अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरू ‘निपाह’ भाइरस सङक्रमित भई उपचाररतमध्ये दुई जना सघनकक्षमा छन् । भारतसँग नेपालको खुला सिमाना भएका कारण सीमापारि सङ्क्रमण भएको पुष्टि हुँदा सीमावारि पनि गम्भीर चासो लिनै पर्छ । छिमेकी मुलुक भारतमा ‘निपाह’ भाइरस पुष्टि भई नियन्त्रण तथा उपचारका उपाय तीव्र पारिएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/190563**

## प्राकृतिक सन्तुलनमा सिमसार

सर्वप्रथम सन् १९७१ मा क्यास्पियन सागरको किनारमा अवस्थित इरानको रामसार सहरमा सिमसारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन भएको थियो । यस सम्मेलनमा सहभागी १७२ वटा राष्ट्रले आआफ्नो देशमा भएका सिमसार क्षेत्रको पहिचान गर्दै संरक्षणका लागि प्रभावकारी नीतिको कार्यान्वयन गर्ने, परम्परागत ज्ञानको आदानप्रदान गर्दै कम्तीमा एक अन्तर्राष्ट्रिय महìवको सिमसार क्षेत्रको पहिचान गर्ने प्रतिबद्धता जनाएका थिए । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/190422**

## इन्स्पेक्टर पास आउट : निराजन बस्नेत सर्वोत्कृष्ट

कठिन र लामो तालिम पूरा गरेर प्रहरीका ९२ जना इन्स्पेक्टर दीक्षित भएका छन् । आइतबार महाराजगञ्ज स्थित राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा आयोजित दीक्षान्त समारोहमा प्रधानमन्त्री सुशीला कार्कीको उपस्थितिमा एआईजी शिद्धी विक्रम शाहले इन्स्पेक्टरहरूलाई शपथ गराएका हुन् । १८ महिना लामो तालिम पुरा गरेका इन्स्पेक्टर निराजन बस्नेत सर्वप्रथम भएका छन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/541494/inspector-passed-out-**

## बढ्दो अतिक्रमण र प्रदूषणले संकटमा सिमसार

सिमसार क्षेत्रको संरक्षण हुन नसक्दा लाखौं जीवजन्तु र संस्कृतिमा संकट छाउँदै गएको छ, जसको असर हाम्रो भविष्यमा गहिरो रूपमा पर्न सक्छ । 'सिमसार र परम्परागत ज्ञान : सांस्कृतिक सम्पदाको सम्मान' भन्ने नाराका विभिन्न कार्यक्रमसहित नेपालमा पनि आज विश्व सिमसार दिवस मनाइँदै छ । प्रत्येक वर्ष 'फेब्रुअरी २ तारिख' मा विश्वभर मनाइने यस दिवसले जलवायु परिवर्तनकाका कारण प्रभावित सिमसार क्षेत्रको संरक्षण र संवर्द्धनमा विश्व समुदायको ध्यानाकर्षण गराउँदै आएको छ । बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/02/02/wetlands-**

## जेन-जी सहिदको आत्माको शान्तिका लागि संसद् भवनअघि हवन

भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनमा ज्यान गुमाएकाहरूको आत्माको शान्तिको कामना गर्दै नयाँ बानेश्वरस्थित संसद् भवन अगाडि हवन गरिएको छ । एक महिनादेखि माइतीघर मण्डलामा आन्दोलनरत 'नेत्रवाद दर्शन' समूहले आइतबारदेखि संसद् भवनको मुख्य गेट अगाडि होम-यज्ञ तथा पूजा गर्न थालेको हो । बाँकी... स्रोत : **https://ekantipur.com/news/2026/02/02/**

## प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणालीले मात्रै देशमा स्थिर शासन स्थापित गर्छ : उपेन्द्र यादव

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणालीले मात्रै मुलुकमा स्थिर, बलियो र जबाफदेही शासन व्यवस्था स्थापित गर्न सक्ने दाबी गरेका छन् । जसपा नेपालका अध्यक्ष एवं सप्तरी क्षेत्र नं. ३ का प्रतिनिधि सभा उम्मेदवार समेत रहेका यादवले आइतबार चुनावी अभियानको क्रममा जसपा नेपाल प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति प्रणाली र समानुपातिक समावेशी प्रतिनिधित्वमा आधारित संसदीय संरचनाको पक्षमा अडिग रहेको स्पष्ट गरेका हुन् । बाँकी... स्रोत : **https://www.ratopati.com/story/541278/only-a-**

## घोषणापत्रमा निजी क्षेत्रको सुरक्षा प्रतिबद्धता

उद्योग, प्रतिष्ठान वा व्यावसायिक भवनलाई 'अति संवेदनशील' कोटीमा राखी त्यही स्तरको सुरक्षा प्रदान गरिनुपर्छ, संविधानप्रदत्त सम्पत्तिको हकको संरक्षण र प्रयोगको सुनिश्चितता पनि दलहरूको घोषणापत्रमा समेटिनुपर्छ । अर्थतन्त्रमा ८१ र रोजगारीमा ८६ प्रतिशत योगदान पुऱ्याइरहेको निजी क्षेत्रको रोजगारी सिर्जना, राजस्व परिचालन, पूर्वाधार निर्माण, वस्तु तथा सेवाको निर्बाध आपूर्तिमा महत्वपूर्ण योगदान छ। बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/02/02/private-sec**

## विश्व सिमसार दिवस : मानवीय अतिक्रमणले घटे पानीचरा

एक महिनाअघि चितवनको राप्ती खोलाको लोथरदेखि घटगाईसम्म चरा गणना गर्दा २ हजार ७ सय ४० चखेवाचखेवी भेटिए । अघिल्लो वर्ष यही क्षेत्रमा गणना गर्दा ४ हजार १ सय ७ चखेवाचखेवी गणना भएका थिए । यस्तै, गत वर्ष जगदीशपुर पन्छी आरक्षमा करिब दुई हजार गणना भएका सिलसिले हाँस यस वर्ष दुई सय मात्रै भेटिए । त्यो पनि तालभित्र नभएर छेउछाउका खेतमा ।
**https://ekantipur.com/news/2026/02/02/world-wetlands-day-human-e**

## चारै क्षेत्रमा कडा प्रतिस्पर्धा, पुरानै प्रतिद्वन्द्वी आमनेसामने

मधेश प्रदेशको राजधानी जिल्ला समेत रहेको धनुषामा प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा चुनावी सरगर्मी तीव्र बन्दै गएको छ । यस जिल्लालाई मधेशको राजनीतिक गढका रूपमा चिनिन्छ । उम्मेदवार बनेका नेताहरूको गतिविधि बढेसँगै चुनावी चर्चा पनि चुलिएको छ । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/190466**

## राजनीति र प्रशासनको सम्बन्ध

निजामती सेवाको सुरुवात नै प्रशासनिक कामलाई राजनीतिक विचारको आग्रहबाट निष्पक्ष राख्नका लागि भएको हो । बेलायतले सन् १८५३ देखि निजामती सेवा आयोग बनाई पदपूर्ति व्यवस्थालाई योग्यतामा आधारित बनाई यसलाई भाइभारदारबाट अलग गरी आम सर्वसाधारणको सेवामा लगायो । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/190687**

## शारदा माविमा १२ लाखको अक्षयकोष स्थापना

धनकुटाको महालक्ष्मी नगरपालिका दुईमा रहेको श्री शारदा माध्यमिक विद्यालयमा १२ लाख बराबरको अक्षयकोष स्थापना भएको छ । विद्यालयको ६३ औँ वार्षिक उत्सवको अवसर पारेर १३ जना सहयोगदाताले १२ लाख छ हजार ६४३ रुपियाँ अक्षयकोष स्थापनाको लागि सहयोग गर्नु भएको हो । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/190723**

## विसं २०८३ को पात्रो (पञ्चाङ्ग) फागुन २ गतेदेखि बजारमा आउने

विसं २०८३ को पात्रो (पञ्चाङ्ग) आगामी फागुन २ गतेदेखि बजारमा आउने भएको छ । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका पदाधिकारी र सदस्य, पूर्वपदाधिकारी र सदस्यबिचको छलफलपछि नेपाल राष्ट्रका लागि विसं २०८३ को पञ्चाङ्ग प्रकाशनको तयारी अन्तिम चरणमा पुगेको हो । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/190743**

## मुस्ताङमा 'सेतो स्वर्ग' को सुन्दरता

हिमाली जिल्लाको 'फोर्बिडन किंगडम' मुस्ताङ आज पनि पर्यटकहरूको मन जितिरहेको छ । यहाँको हिउँदयामले सुन्दरता र चुनौती दुवै देखाइरहेको छ । मुक्तिनाथ क्षेत्रका हिउँले ढाकिएका होटलहरू, पर्यटकहरू घोडामा सवार, हिउँमा हिँडिरहेका ग्रुपहरू देख्दा मनोरम लाग्छ । मुक्तिनाथ मन्दिर क्षेत्रमा हिउँको तह बाक्लो छ । बाँकी... स्रोत : **https://www.ratopati.com/story/541860/the-beauty-of-white-heaven-in-**

## ११ करोड लगानीमा दूधमति नदी विकास कार्यक्रम सुरु

११ करोड रुपैयाँको लागतमा ऐतिहासिक तथा धार्मिक महत्व बोकेको दूधमति नदीको उत्खनन तथा विकास निर्माणककार्य सुरु भएको छ । मधेस प्रदेश सरकारको ऊर्जा तथा सिँचाइ तथा खानेपानी मन्त्रालयको सहयोगमा सो नदीको उत्खनन तथा विकास निर्माण कार्य सुरु भएको हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1862868/dudhmati-river-**

## नेपालमै लटरम्म काजु फलाउने 'नमुना' विद्यालय

अहिलेसम्म धेरै नेपालीका लागि काजु भनेको विदेश- खासगरी भारत वा भियतनामबाट प्याकेटमा आउने वस्तुमात्र हो, यो कस्तो ठाउँमा फल्छ ? यसको रुख कस्तो हुन्छ ? यसको फल कस्तो हुन्छ ? भन्ने एउटा रहस्य वा कौतुहलताको विषय हो । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1863259/a-model-school-in-**

## निर्विवाद छैन इमानसिंहको इतिहास

इतिहासकारहरूले नेपालको इतिहासलाई विभिन्न काल निर्धारण गर्दा लिच्छविले शासन गरेको समयलाई प्राचीनकाल, मल्लहरूले शासन गरेको समयलाई मध्यकाल र पृथ्वीनारायण शाहले शासन गरेदेखि यताको समयलाई आधुनिककालका रूपमा विभाजन गरेका छन्।लिच्छविकालअघि गोपाल, महिषपाल र किरातहरूको शासन थियो भन्ने विभिन्न वंशावलीमा गरिएको वर्णनका आधारमा सङ्क्षिप्त रूपमा यिनलाई इतिहासमा समेट्ने गरिएको छ । बाँकी... स्रोत : **https://nepalnews.com/2026/02/05/iman-singhs-**

## फौजी बनाइएका किरा

हजारौँ वर्षदेखि शत्रुलाई कष्ट दिन छखुट्टे फौजीलाई सैन्य सेवामा भर्ती गरिँदै आएको छ। मौरीको चाकामा गुलेली हान्ने। बिच्छीको बम। किरा राखिएको खाल्डो जेल। हजारौँ वर्षदेखि सैन्य रणनीतिकारहरू किरालाई युद्धको हतियारका रूपमा प्रयोग गरिरहे। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/190859**

## अविष्मरणीय यात्रा

गएको वर्ष पुसमा जाडो बिदा भएको भोलिपल्ट गाउँ जाने उत्सुकताका साथ म बिहानै उठेँ। झोलामा कपडा राख्न थालेँ। घरमा सबै जनाले आआफ्नो सामान तयार गरिसक्नुभएको थियो। बाबा, आमा, दिदी, दाइ र म गाउँ जान लागेका थियौँ। हामी सबै ट्याक्सी चढेर जोरपाटी पुग्यौँ र रामेछाप जाने बस चढ्यौँ। गाडीमा रमाइलो गीत बजिरहेको थियो। बाहिरका खोला, जङ्गल जस्ता रमाइला दृश्य हेर्दै र गीतसँगै रमाउँदै आनन्द लियौँ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/190856**

## आश्वासनबाटै थिचिएको छ सहिदभूमि

छिन्ताङ हत्याकाण्डका सहिद रणध्वज पुमाराईका जेठा छोरा भाइलाल राईको घर सहिदभूमि गाउँपालिका-३, पञ्चकन्यास्थित तल्लो डाँडा गाउँमा छ। बुवाको २०३६ सालमा हत्या भएपछि आमा शशिकला राईले निकै दुःखले भाइलाललाई हुर्काउनुभयो। हाल उहाँ मजदुरी र कृषिकर्म गरी जीविकोपार्जन गर्दै आउनुभएको छ। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/190806**

## मुक्तिक्षेत्रमा पाँचौं राष्ट्रिय स्की प्रतियोगिताको तयारी

यहाँस्थित वारागुङ मुक्तिक्षेत्रमा सेताम्मे हिउँमा खेलिने स्की प्रतियोगिताको तयारी सुरु गरिएको छ। नेपाल स्की संघको आयोजनामा शनिबार मुक्तिनाथमा पाँचौं राष्ट्रिय स्की प्रतियोगिता हुन लागेको हो। हिउँमा खेलिने स्की खेलको विकास तथा प्रवर्धन गर्दै पर्यटन विकासमा योगदान पुऱ्याउने उद्देश्यले स्की संघले सन् २०१६ देखि स्की प्रतियोगिता सञ्चालन गर्दै आएको छ। बाँकी...

स्रोत : **https://hamroartha.com/news/128921**

## प्रवीण खतिवडा स्टारर 'शिवांश' को ट्रेलर : साधुको भेष पछाडि उन्मादको कथा

१ फागुनदेखि प्रदर्शन तयारीमा रहेको फिल्म 'शिवांश : च्याप्टर १' को ट्रेलर सार्वजनिक भएको छ। ट्रेलरले कथावस्तुबारे संक्षिप्त प्रकाश पार्छ। जोगीको भेषमा गरिने आपराधिक क्रियाकलापको कथा यसमा समेटिएको छ। बाहिरबाट हेर्दा सांसारिक मोह त्याग गरेर सादगी जीवन बिताइरहेको त्यागी देखिए पनि ऊ भित्रको क्रुर मानसिकता र व्यवहार कति डरलाग्दो हुन्छ भन्ने कुरा ट्रेलरमा चित्रण छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1863548/trailer-of-praveen-**

## काठकला जोगाउँदै चुनारा

सानो खोल्साको कल कल बग्ने आवाजसँगै काठ घुमिरहेको छ, न बिजुलीको सहारा छ, न आधुनिक मेसिनको। छ त केवल प्रकृतिको शक्ति र पुस्तौँदेखिको सिप। यो दृश्य हो सुदूरपश्चिम प्रदेशको पहाडी जिल्ला बैतडीको डिलासैनी गाउँपालिका-२, पारिबाट (सेला) स्थित परम्परागत काठकला 'सान' को। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/190823**

## हिमालहरू पग्लिने क्रमले विश्वका जलभण्डार जोखिममा

विश्वकै जलभण्डारको महत्वपूर्ण स्रोत मानिने हिमाल र हिमनदीहरू पग्लिदै जाँदा अर्बौं मानिसको पानी, खाद्य जीविकोपार्जन सुरक्षामा गम्भीर खतरा बढेको बताइएको छ। संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन ( एफएओ ) का महानिर्देशक क्यू डोङयुका अनुसार विश्वका 'लुकेका जलभण्डार' मानिने हिमनदीहरू तीव्र रूपमा पग्लँदै जाँदा यस्तो खतरा बढेको हो। बाँकी...

स्रोत : **https://ehimalayatimes.com/2026/02/418765/**

## अभौतिक सांस्कृतिक सम्पदा सम्बन्धी विधेयकको नाम फेर्न सरकारले माग्यो समय

अभौतिक सांस्कृतिक सम्पदा (संरक्षण) विधेयक, २०८१ को नाम परिवर्तन गर्न संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयले विधायन व्यवस्थापनसँग समय माग गरेको छ। बिहीबार सिंहदरबारमा बसेको समितिको बैठकमा विधेयकको नाममा सहमति जुट्न नसक्दा मन्त्रालयले समय मागेको हो। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/02/1863611/government-seeks-time-to-change-name-**

## मंगल ग्रहमा जीवन खोज्ने दौडमा अब चीन एक्लै, अमेरिका पछि हट्यो

अमेरिकी अन्तरिक्ष एजेन्सी नासाले आफ्नो महत्वाकांक्षी मार्स स्याम्पल रिटर्न ( एमएसआर ) कार्यक्रम रद्द गरेको छ । यससँगै मंगल ग्रहमा जीवनका सबूत खोज्ने नासाको दीर्घकालीन योजना ठप्प भएको छ । मंगल ग्रहमा संकलन गरिएका नमूनाहरू पृथ्वीमा ल्याउने प्रक्रिया बजेट अभावका कारण अघि बढ्न नसकेको नासाले जनाएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1863387/china-is-now-alone-in-**

## मकवानपुर- २ लाई छिचोल्दै २५०० मिटरको उचाइमा पुगेर हेटौँडा ओर्लिंदा

बिहानैदेखि घाम लागे पनि तापक्रम खासै बढेको थिएन । बुधबार (माघ २१ गते) बिहान करिब १० बजे २०३० मिटरको उचाइबाट हामीले टिस्टुङ र बज्रबाराहीको फाँटलाई नियाल्यौं । 'चुनावी ग्राउन्ड जिरो'अन्तर्गत मकवानपुर क्षेत्र नम्बर २ लाई बुझ्ने क्रममा हामी टिस्टुङ उक्लिएका थियौं । हाम्रो उद्देश्य मकवानपुर २ को भूगोललाई नजिकबाट चिन्नु थियो । त्यहाँका जनताको आवाज सुन्नु थियो र चुनावी माहोल बुझ्नु थियो । बाँकी...

स्रोत : **https://www.lokaantar.com/story/311161/2026/2/6/politics/election-**

## कर्णाली अब झन् उज्यालो

कोहलपुर-सुर्खेत १३२ केभीए विद्युत प्रसारण लाइन निर्माण सम्पन्न भएपछि कर्णालीबासीले थप बिजुली उपयोग गर्न पाउने भएका छन् । विगतमा १७ मेगावाट मात्र बिजुली पाएका कर्णाली प्रदेशका नौ जिल्लाका बासिन्दाले अब २०० मेगावाटसम्म विजुली पाउने छन् । यसले स्थानीयहरूको आँखामा बेग्लै चमक देखिन थालेको छ । "झण्डै ४ दशकदेखि हामी पुरानो कोहलपुर-सुर्खेत ३३ केभीए प्रसारण लाइनबाट हैरानी खेपिरहेका थियौं । बाँकी... स्रोत:**https://nepalnews.com/2026/02/04/karnali-is-now-]/**

## निर्वाचनमा करिब ३१ अर्ब खर्च हुने अनुमान छ : प्रधानमन्त्री कार्की

प्रधानमन्त्री सुशीला कार्कीले यस पटकको निर्वाचनमा करिब ३१ अर्ब खर्च हुने अनुमान गरिएको जानकारी दिएकी छन् । राष्ट्रिय सेवा दलको कार्यक्रममा सहभागी हुन मंगलबार नवलपुर पुगेकी प्रधानमन्त्री कार्कीले पत्रकारहरुसँगको कुराकानीमा सो जानकारी दिएकी हुन् । उनले चुनाव फागुन २१ गते नै सम्पन्न गराउन सरकार क्रियाशील रहेको पनि बताइन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1862675/it-is-estimated-that-**

## आर्थिक समृद्धि : नयाँ संविधानले गरेको परिकल्पना

नयाँ संविधान निर्माण भएपछि अब मुलुक आर्थिक समृद्धिको बाटोमा लम्किने अपेक्षा धेरैको छ । नयाँ संविधानले पनि राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउने आर्थिक उद्देश्य तय गरेको छ । नयाँ संविधानले देशका सबै क्षेत्रमा न्युनतम् विकासका पूर्वाधारको विकास गरेर आर्थिक सम्पन्नताको मार्गमा हिँड्ने गरी यति धेरै नीतिहरु लिएको छ, जुन कार्यान्वयनमा जान सक्यो भने शब्दमा सीमित 'नयाँ नेपाल' यर्थाथमा ढल्न समय लाग्दैन होला । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2015/09/329145**

## कुन निर्वाचन क्षेत्रमा कति मतदाता

फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन हुँदैछ । अहिले दलहरू निर्वाचन क्षेत्र केन्द्रित चुनावी प्रचारमा व्यस्त छन् । दलहरू घोषणा पत्र तयार पार्न पनि उत्तिकै व्यस्त छन् । आगामी फागुन २० गतेसम्म १८ वर्ष पूरा हुनेहरूले मताधिकार प्रयोग गर्न पाउनेछन् । निर्वाचन आयोगका अनुसार फागुन २१ को निर्वाचनमा १ करोड ७९ लाख ३ हजार ९९ जना मतदाताले मत खसाल्न पाउनेछन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1862140/how-many-voters-in-which-**

## निर्वाचन सुरक्षार्थ आजबाट सेना परिचालन

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन सुरक्षार्थ नेपाली सेना बुधबारबाट 'फिल्ड' मा तैनाथ हुने भएको छ। २१ फागुनका लागि तय निर्वाचन सुरक्षाका लागि ठीक एक महिनाअघिबाटै देशभर सेना परिचालन गर्न लागिएको हो। नेपाली सेनाका प्रवक्ता सहायक रथी राजाराम बस्नेतले एकीकृत निर्वाचन सुरक्षा कार्ययोजनाअनुसार सेना फिल्डमा परिचालन हुने बताए। बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/02/04/army-to-be-mobil**

## क्यान्सर मेरा लागि नमिठो अनुभूति बनेको छ : प्रचण्ड

नेकपाका संयोजक तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले क्यान्सर रोग डर, पीडा समेत भएकाले नेपालमा यो रोग चुनौतीका रूपमा देखा परेको बताएका छन् । विश्व क्यान्सर दिवसको अवसरमा बुधबार एक सन्देश जारी गर्दै प्रचण्डले आफ्ना लागि क्यान्सर नमिठो अनुभूति समेत रहेको बताएका हुन् । बाँकी... स्रोत : **https://www.ratopati.com/story/541837/cancer-has-become-an-unpleasant-feeling-for-me-**

## दौरा सुरुवालमा दौडेका जोशी, गिनिज बुक अफ वर्ल्डमा नाम दर्ता

नेपाली मूलका अमेरिकी धावक बाल जोशीले दौरा सुरुवालमा विश्व म्याराथन च्यालेन्ज पूरा गरेर गिनिज बुक अफ वर्ल्डमा नाम लेखाएका छन् । जोशीले उक्त विश्व म्याराथन च्यालेन्जअन्तर्गत सात महादेशमा सात दिन लगातार सञ्चालन भएको सात वटा म्याराथनमा दौरा सुरुवालमा दगुरेर विश्व कीर्तिमान कायम गर्दै गिनिज बुकमा नाम लेखाएका हुन् । उनी नेपाली पोशाकमा दौडिने विश्वमै पहिलो धावकसमेत बने । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/02/07/752594/**

## प्रेरक प्रसंग : सुकरात र ज्योतिषीको भविष्यवाणी

एकजना ज्योतिषी केवल अनुहार हेरेर व्यक्तिको चरित्र बताउने दाबी गर्थे। एकपटक उनी घुम्दै जाँदा ग्रिसका चर्चित दार्शनिक सुकरातका अगाडि पुगे। त्यतिखेर सुकरात आफ्ना शिष्यलाई वरिपरि जम्मा गरेर बसेका थिए। सुकरातको विचार जति राम्रो थियो, उनी रूपमा उति नै भिन्न थिए। उनलाई पहिलोपटक देख्ने कुनै पनि अपरिचित मान्छेले उनी त्यति महान् विचारक हुन् भन्ने अनुमानसम्म गर्न सक्दैनथ्यो। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/187691/2026-02-03**